# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, जेठ २२ गते, २०८२ साल (अतिरिक्ताङ्क ४

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## कोशी प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२

<u>प्रस्तावना:</u> प्रदेश सरकारबाट अनुमति प्राप्त गरी सञ्चालन भएका सञ्चार माध्यममा हुने विज्ञापनलाई व्यवस्थित बनाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २३ मा भएको व्यवस्था कार्यान्वयनका लागि सोही ऐनको दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस निर्देशिकाको नाम "कोशी प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेश विज्ञापन अनुगमन तथा नियमन समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ लाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको सूचना तथा सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, वाह्य विज्ञापन (होर्डिङ बोर्ड), बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रूपमा प्रचार-प्रसार वा प्रदर्शन गरिएको वा प्रचार-प्रसार वा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्बिर,

सङ्केत, पोष्टर, पर्चा, चिन्ह, संरचना, श्रव्य, दृश्य वा श्रव्यदृश्य सम्झनु पर्छ।

(ङ) "विज्ञापन प्रकाशन" भन्नाले सार्वजनिक जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुस्तक, पत्रपत्रिका, पम्प्लेट वा लिखत लगायतका माध्यमद्वारा सार्वजनिक रूपमा विज्ञापन सामग्री प्रकाशन गर्ने कार्य सम्झनु पर्छ।

(च) "विज्ञापन प्रसारण" भन्नाले सार्वजनिक जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले तयार गरिएको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्री सञ्चारमाध्यमबाट प्रसारण गर्ने कार्य सम्झनु पर्छ।

(छ) "विज्ञापन वितरण" भन्नाले विज्ञापन प्रकाशन तथा प्रसारणका लागि सञ्चारमाध्यमलाई विज्ञापन सामग्री प्रदान गर्ने कार्य सम्झनुपर्छ।

(ज) "बोर्ड" भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ बमोजिम गठित विज्ञापन बोर्ड सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिमको कोशी प्रदेश विज्ञापन अनुगमन तथा नियमन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## अनुगमन तथा नियमन समिति सम्बन्धी व्यवस्था

३. **अनुगमन तथा नियमन समितिको गठनः** (१) विज्ञापन अनुगमन तथा नियमन सम्बन्धी काम गर्नको लागि देहाय बमोजिमको एक कोशी प्रदेश विज्ञापन अनुगमन तथा नियमन समिति रहनेछः-

(क) मन्त्रालयको सचिव -अध्यक्ष

(ख) कोशी प्रदेश सरकार अन्तर्गत गठन भएका सूचना तथा सञ्चार सम्बन्धी विषय हेर्ने निकायको प्रमुख -सदस्य

(ग) कोशी प्रदेश उद्योग वाणिज्य संघले तोकेको प्रतिनिधि एकजना -सदस्य

(घ) नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिले तोकेको प्रतिनिधि एकजना -सदस्य

(ङ) विज्ञापन व्यवसाय सम्बन्धी कोशी प्रदेश स्तरीय समितिले तोकेको प्रतिनिधि एकजना -सदस्य

(च) मन्त्रालयले तोकेको विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चार माध्यम वा उपभोक्ता हितका क्षेत्रमा कार्यरत संघ/संस्थाको महिला प्रतिनिधि एकजना -सदस्य

(छ) सञ्चार हेर्ने मन्त्रालयको सञ्चार महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) समितिका पदाधिकारीलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराईनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको काम सन्तोषजनक नदेखिएमा वा समितिको हित विपरीत कुनै काम गरेमा वा खराब आचरण भएमा वा कार्य सम्पादन नगरी निष्कृय भएको वा फौजदारी अभियोगमा कसुरदार ठहरिएमा मन्त्रालयले कारण खुलाई जुनसुकै बेला निजलाई पदमुक्त गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदमुक्त गर्नु अघि निजलाई सफाई पेस गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनमा तोकिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड र विज्ञापन आचारसंहिता बमोजिम विज्ञापन भए/नभएको अनुगमन तथा नियमन गर्ने,

(ख) नेपाल सरकारको सञ्चार हेर्ने मन्त्रालय, स्थानीय तह, विज्ञापन एजेन्सी, विज्ञापनदाता र सञ्चारमाध्यमसँग समन्वय गर्ने,

(ग) प्रदेशको आवश्यकता अनुसार सार्वजनिक हित सम्बन्धी विज्ञापन निर्माण गरी प्रकाशन तथा प्रसारण गर्न प्रोत्साहन गर्ने,

(घ) विज्ञापन बजारको विकास र विस्तारको कार्यलाई अघि बढाउने,

(ङ) विज्ञापन उत्पादक, निर्माता, वितरक र प्रसारकलाई आवश्यक निर्देशन दिने,

(च) बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीमार्फत कारोबार भए नभएको अनुगमन गर्ने,

(छ) विज्ञापन सम्बन्धी प्राप्त उजुरी माथि आवश्यक कारबाही गर्ने,

(ज) सञ्चारमाध्यमलाई प्रदेश सरकार वा अन्तर्गतको निकायबाट उपलब्ध गराइने सार्वजनिक हित सम्बन्धी विज्ञापन समिति मार्फत समानुपातिक रूपमा वितरण गर्ने,

(झ) प्रदेश सरकार, मन्त्रालय र विज्ञापन बोर्डबाट प्राप्त सुझाव तथा निर्देशन पालना गर्ने, गराउने।

५. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको निर्णय बहुमत सदस्यबाट हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(५) समितिको बैठक कम्तीमा चार महिनामा एक पटक बस्नेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

(७) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ ।

६. <u>**समितिको सचिवालयः**</u> समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

## परिच्छेद-३

## विज्ञापनको अनुगमन तथा नियमन

७. <u>**विज्ञापनको अनुगमन तथा नियमनः**</u> (१) समितिले प्रदेश सरकारबाट अनुमति प्राप्त गरी सञ्चालन भएका सञ्चारमाध्यमबाट गरिने विज्ञापनको अनुगमन तथा नियमन गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिमको कार्यका लागि मन्त्रालयको कुनै अधिकारीलाई तोक्न वा आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यदलको काम, कर्तव्य र कार्य सम्पादनको कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) कसैले विज्ञापन गर्दा ऐन वा ऐन बमोजिम बनेको नियम, मापदण्ड, बोर्डबाट जारी आचारसंहिता पालना गरेको नपाइएमा कारण उल्लेख गरी त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

गर्न वा हटाउन आदेश दिन सक्नेछ। त्यस्तो आदेश पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(५) उपदफा (४) बमोजिमको आदेश पालना नगर्ने वा ऐन, नियम वा मापदण्ड पालना नगरी विज्ञापन गरेको पाइएमा त्यस्तो व्यक्ति वा संस्थालाई समितिले ऐनको दफा २५ को उपदफा (३)को खण्ड (ग) बमोजिम जरिवाना गर्न सक्नेछ।

## परिच्छेद-४

## अनुमति सम्बन्धी व्यवस्था

८. **अनुमति लिनु पर्ने:** (१) प्रदेशभित्र विज्ञापन एजेन्सीको रूपमा कार्यरत संस्था अनिवार्य रूपमा मन्त्रालयमा दर्ता भई विज्ञापन एजेन्सी सञ्चालनको अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गरी अनुमतिपत्र प्राप्त गर्नका लागि अनुसूची-१ को ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयको अधिकार प्राप्त अधिकारीले उपयुक्त देखिएका निवेदन दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि अनुमति दिन उपयुक्त नदेखिएमा सोको आधार र कारण खोली निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम अनुमति दिँदा प्रदेश आर्थिक ऐनले निर्धारण गरे बमोजिमको दस्तुर लिनु पर्नेछ र प्रदेश आर्थिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

ऐनमा दस्तुरको व्यवस्था नहुँदासम्म प्रदेश सरकारले तोकेको दस्तुर लिनु पर्नेछ।

९. <u>अनुमतिपत्रको नवीकरणः</u> (१) दफा ८ को उपदफा (३) बमोजिमको अनुमति प्राप्त संस्थाले एक वर्ष पूरा भएको पैतालिस दिनभित्र मन्त्रालयमा अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिई नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा प्रदेश आर्थिक ऐनले निर्धारण गरेको दस्तुर बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आर्थिक ऐनमा व्यवस्था नभएसम्मका लागि प्रदेश सरकारले तोकेको नवीकरण दस्तुर बुझाउनु पर्नेछ।

## परिच्छेद-५
## विविध

१०. <u>सूचीकृत हुनुपर्नेः</u> प्रदेशबाट अनुमति प्राप्त विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकृत हुनुपर्नेछ।

११. <u>उजुरी गर्न सक्नेः</u> (१) ऐन वा ऐनअन्तर्गत बनेको नियमावली, मापदण्ड, आचारसंहिता वा यो निर्देशिका विपरीत कसैले विज्ञापन गरेको पाइएमा जुनसुकै व्यक्तिले समिति समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरीको आधारमा समितिले ऐनको दफा २३ बमोजिम कारबाही गर्न सक्नेछ र अधिकार क्षेत्रभित्र नपरेको विषयमा सम्बन्धित निकाय वा विज्ञापन बोर्ड वा स्थानीय तहमा कारबाहीको लागि लेखी पठाउनेछ।

(३) उजुरीकर्ताले उपदफा (१) बमोजिम दिएको उजुरीमा नाम, ठेगाना उल्लेख गरी उजुरी दिएको भए उक्त उजुरी उपर भएको कारबाहीको जानकारी उजुरीकर्तालाई दिनुपर्नेछ।

१२. <u>निर्देशन दिन सक्नेः</u> यस निर्देशिकाको उद्देश्य हासिल गर्नको लागि मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१३. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस निर्देशिकाको कार्यान्वयनको चरणमा कुनै द्विविधा उत्पन्न भएमा समितिको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

## अनुसूची-१

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## विज्ञापन एजेन्सीको रूपमा दर्ता तथा अनुमतिका लागि दिने निवेदनको ढाँचा

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।

विषयः **विज्ञापन एजेन्सीको रूपमा दर्ता गरी सञ्चालन अनुमति पाउँ।**

कोशी प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२ को अधीनमा रही विज्ञापन एजेन्सीको व्यवसाय सञ्चालन गर्ने इच्छा भएकोले देहायको कागजात र विवरण सहित विज्ञापन एजेन्सीको रूपमा दर्ता गरी सञ्चालन अनुमतिका लागि यो निवेदन पेस गरेको छु।

**विवरणः**

(१) विज्ञापन एजेन्सीको नामः

(२) एजेन्सीको कार्यालयको ठेगानाः

(३) व्यवसायिक कार्ययोजनाको विवरणः

(४) पुँजीको विवरणः

(क) अधिकृत पुँजीः

(ख) जारी पुँजीः

(ग) चुक्ता पुँजीः

(५) कर्मचारीको सङ्ख्याः

(क) पूरा समय काम गर्ने सङ्ख्याः

(ख) आंशिक समय काम गर्ने सङ्ख्याः

(६) उपलब्ध वा प्रस्तावित भौतिक साधनको विवरणः

(७) सञ्चालकको अन्य व्यावसायिक कारोबारसँग सम्बन्ध भए त्यस्तो कारोबारको विवरणः

(८) कार्यालय भाडाको घरमा स्थापना गरेको भए घरधनीसँगको सम्झौता प्रत्रको प्रतिलिपिः

<u>निवेदन साथ थप संलग्न कागजातहरूः</u>

सञ्चालकको दस्तखतः

सञ्चालकको नामः

एजेन्सीको नाम, ठेगानाः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची-२

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**विज्ञापन एजेन्सी दर्ता तथा सञ्चालन अनुमतिको ढाँचा**

सञ्चालकको पासपोर्ट साइजको फोटो

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

**विज्ञापन एजेन्सी दर्ता तथा सञ्चालन प्रमाण-पत्र**

उल्लेखित विवरण भएको ........................................................ विज्ञापन एजेन्सीलाई सम्बत्........................ महिना .................... गते.......................... कोशी प्रदेशमा दर्ता नं. ................... दर्ता गरी सञ्चालन अनुमति दिई कोशी प्रदेश विज्ञापन (नियमन गर्ने) निर्देशिका, २०८२ को दफा ८ बमोजिम यो प्रमाण-पत्र दिइएको छ।

**विवरण**

(१) सञ्चालकको नाम, थरः

(२) विज्ञापन एजेन्सीको कार्यालयको ठेगानाः

(३) विज्ञापन एजेन्सीको उद्देश्यः

मन्त्रालयको छाप

अधिकार प्राप्त अधिकारीको दस्तखतः

नाम,थरः

पदः

मितिः

अनुसूची-३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**विज्ञापन एजेन्सीको नवीकरणका लागि दिने निवेदनको ढाँचा**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।

विषयः **विज्ञापन एजेन्सीको नवीकरण गरी पाउँ भन्ने बारे।**

मेरो द. नं. ............ मिति ................................ मा दर्ता भएको विज्ञापन एजेन्सीको नविकरण गरिदिहुनु देहायको कागजात संलग्न राखी यो निवेदन पेस गरेको छु।

**संलग्न कागजातहरू:**

(क) विज्ञापन एजेन्सी सञ्चालकको नेपाली नागरिकताको प्रतिलिपि,
(ख) विज्ञापन एजेन्सी दर्ता प्रमाणपत्रको सक्कल प्रति,
(ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र
(घ) यस निर्देशिका बमोजिमको नविकरण दस्तुर दाखिला गरेको बैंक भौचरको प्रति ।

विज्ञापन एजेन्सीको छापः

सञ्चालकको दस्तखतः
सञ्चालकको नामः
एजेन्सीको नाम, ठेगानाः
मितिः

स्वीकृत मितिः २०८२।०२।२२

आज्ञाले,
...............................
राम प्रसाद आचार्य
प्रदेश सचिव





आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून ... प्रदेश